# पैह्रोले राज्यमा पाँचवटा घर क्षतिग्रस्त

हिमालिनी बेला - 10-7-19





अप्पर निर्याँको पैह्रोग्रस्त गाउँको भ्रमणमा पुगेका याङ्गाङका महकुमा अधिकारी। पैह्रोले ध्वस्त सोरेङको सड़क।

**गान्तोक, ९ जुलाई:** चार दिनदेखि निरन्तर रूपमा भइरहेको वर्षाले सिक्किमको जनजीवनलाई अस्तव्यस्त बनाइसकेको छ। ठाउँठाउँमा पैह्रो झरिरहेको देखिन्छ। ग्रामीण क्षेत्रलाई जोड्ने सम्पर्क सड़कहरू पनि धेरै ठाउँमा अवरुद्ध भएका छन्। खोला–नाला, नदीमा बर्खे झरी उर्लिएर बगिरहेको छ। पश्चिम सिक्किमको सोरेङ महकुमाअन्तर्गत खानीशिरबुङ–रोबक रोड छेवैमा रहेको मनबहादुर मगरको घर पैह्रोले तानिसकेको छ। उक्त घर पूर्णरूपले क्षतिग्रस्त भएको छ। यद्यपि ठूलो घटना हुनबाट दैवले बचाएको छ। प्रशासनले त्यहाँका मगर परिवारलाई सुरक्षित स्थानमा सारेको छ। सोरेङ महकुमा अन्तर्गत जनकार्य विभागका खण्ड अभियन्ता, सहायक अभियन्ता सुमन छेत्री, राजस्व अधिकारी, आपदा प्रबन्धन टोली साथै स्थानीय पञ्चायतहरूले प्रभावित क्षेत्रको निरीक्षण भ्रमण गरेका छन्।

यता, दक्षिण सिक्किमको याङ्गाङ महकुमा अधिकारी साङ्गे ग्याल्छे भोटिया, राजस्व निरीक्षक, वार्ड पञ्चायत सम्मिलित टोलीले हाले पैह्रो क्षति पुऱ्याएको ग्रामीण क्षेत्र अप्पर निर्याँको निरीक्षण गरेको छ। वार्ड पञ्चायत र स्थानीय मानिसहरूले गुनासो पोखेपछि उक्त टोलीले भ्रमण गरेको हो। निरीक्षण गर्ने क्रममा महकुमा अधिकारीले वार्ड पञ्चायतलाई गाउँहरूलाई पैह्रो प्रवण ठाउँमा जान नदिन बताउँदै पैह्रोले गाउँलेहरूको पानीको पाइप सोह्रोकोले पाइप प्रदान गरिने पनि आश्वासन दिए।

यसरी प्रकारले निरन्तर रूपमा परिरहेको वर्षाका लागि दक्षिण सिक्किमको नाम्ची नजिक दामथाङ जीर्णफूको पुन्त्जिटारमा हिजो अपराह्न ४.३० बजी पैह्रो झरेको छ। पैह्रोले देवप्रसाद गुरुङको घर पूर्णरूपले क्षतिग्रस्त बनेको छ। यद्यपि यो घटनामा मानव क्षति बने भएन। यो घटनामा चार परिवारका २१ जना घरबारविहीन बनेका छन्। यी परिवारहरूलाई दामथाङको सुरक्षित स्थानमा सारिएको छ।

आज ग्रामी विकास सहायक (आरडीए) र अन्य अधिकारी, स्थानीय पञ्चायत, सड़क एवं पुल विभाग र अभियन्ताहरू सम्मिलित टोलीले पैह्रोग्रस्त क्षेत्रको निरीक्षण गरेको छ।

## समाचार

# दबिँदैछ पाकिम बजार र भानु टर्निङबीचको सड़क



हिमालिनी बेला 10-7-19

पाकिम बजार र भानु टर्निङबीचमा दबिँदै गएको सड़क।

**पाकिम, ९ जुलाई:** अविरल वर्षा र हवाईअड्डाको जारी कार्यले पाकिम हवाईअड्डा जाने पाकिम बजार र भानु टर्निङबीचको सड़क दबिँदै गएको छ। गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदी हवाईअड्डा उद्घाटन गर्न आउँदा त्यहाँको सड़क कार्पेटिङ गरिएको थियो। तर एक वर्ष नबित्दै सड़क दबिँदै गएको छ र कतिपय ठाउँमा सड़क चर्केको पनि छ। यदि समयमै मरम्मत नगरिए सड़क सम्पूर्ण रूपमा दबिनसक्ने प्रबल सम्भावना रहेको छ।